११औं वार्षिक प्रतिवेदन २०७३/७४

नेपाल हाइड्रो डेभलोपर लिमिटेड
Nepal Hydro Developer Limited

नेपाल हाइड्रो डेभलोपर लिमिटेड

सञ्चालक समिति

श्री ज्ञानेन्द्र लाल प्रधान
अध्यक्ष

श्री देवकिशन मुन्दडा
संचालक

श्री पशुपति मुरारका
संचालक

श्री कुमुद कुमार दुगड
संचालक

श्री प्रदीप कुमार दास
कम्पनी सचिव

नेपाल हाइड्रो डेभलोपर लिमिटेड

कम्पनीमा कार्यरत कर्मचारीहरु

प्रदीप कुमार दास
वित्त नियण्त्रक

नविन कुमार घिसिङ
प्राविधिक सुपरभाइजर

पुरुषोत्तम ठकुरी
प्रशासन तथा लेखा अधिकारी

कुमार कार्की
वरिष्ट अपरेटर पावरहाउस

राजकुमार खड्का
अपरेटर पावरहाउस

ठाकुर थापा
अपरेटर पावरहाउस

भगवान के.सी.
अपरेटर पावरहाउस

सन्तोष कार्की
अपरेटर पावरहाउस

निर्मल उग्रकोटी
अपरेटर पावरहाउस

कुमार श्रेष्ठ
अपरेटर हेडवर्क्स

कृष्ण बहादुर श्रेष्ठ
अपरेटर हेडवर्क्स

सिताराम बस्नेत
अपरेटर हेडवर्क्स

रत्न बहादुर खड्का
अपरेटर हेडवर्क्स

कुबिर कार्की
अपरेटर हेडवर्क्स

पुर्ण बहादुर बस्नेत
प्रमुख सुरक्षा गार्ड

चन्द्र बहादुर बस्नेत
सुरक्षा गार्ड

सन्तोष श्रेष्ठ
सुरक्षा गार्ड

उद्धव बस्नेत
सुरक्षा गार्ड/कुक

राम चन्द्र श्रेष्ठ
कुक

अनिराम जैसी
सवारी चालक

कम्पनी ऐन, २०६३ को दफा ७१ सँग सम्बन्धी

(प्रोक्सि फारम)

श्री संचालक समिति

नेपाल हाईड्रो डेभलोपर लिमिटेड

डिल्लीबजार, काठमाडौं

महाशय,

.... जिल्ला .... न.पा. /गा.वि.स वडा नं ..... बस्ने म/हामी ....ले त्यस लि.शेयरधनीको हैसियतले संवत् २०७५साल आषाढ महिना २९ गते का दिन हुने ११औं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नको लागि .... जिल्ला .... न.पा. /गा.पा. वडा नं..... बस्ने .... लाई मेरो/हाम्राप्रतिनिधी नियुक्त गरी पठाएको छु/छौं ।

प्रतिनिधी नियुक्त भएको व्यक्तिको	निवेदक
नामः	शेयरधनी नं/ DEMAT NO:
ठेगानाः	दस्तखतः
शेयरधनी नं/ DEMAT NO:	नामः
हस्ताक्षर नमुनाः	ठेगानाः
परिचय पत्र नं :	शेयर संख्याः
मितिः	मितिः

नोट : यो निवेदन साधारण सभा शुरु हुन भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरी सक्नु पर्नेछ ।

प्रवेश पत्र

नेपाल हाईड्रो डेभलोपर लिमिटेडको एघारौं बार्षिक साधारण सभामा उपस्थितीको लागि जारी गरिएको प्रवेश पत्र

शेयरधनीको नामः **दस्तखतः**

प्रमाण पत्र नं. :

बीओआइडीनं. : ....

कुल शेयर संख्या : कम्पनी सचिव

नोट : सभाकक्षमा प्रवेश गर्न यो प्रवेश पत्र प्रस्तुत गर्न अनिवार्य छ ।

विषय सूची

११औं वार्षिक साधारण सभा सम्बन्धी सुचना

नेपाल हाइड्रो डेभलोपर लिमिटेड

रजिष्टर्ड कार्यालय, डिल्लीबजार, काठमाडौं

(प्रथम पटक प्रकाशित मिति २०७५।०३।०६)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति२०७५।०३।०४ मा बसेको सञ्चालक समितिको १२ औं बैठकको निर्णय अनुसार यस कम्पनीको ११औं वार्षिक साधारण सभामा देहायको विषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति,समय तथा स्थानमा बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यो सुचना प्रकाशित गरिएको छ ।

साधारण सभा बस्ने मिति,समय र स्थान :

मिति :**२०७५।०३।२९ (१३ जुलाई, २०१८)**

समय : **बिहान ११ बजे**

स्थान :**रसियन सेन्टर अफ साइन्स एण्ड कल्चर, कमलपोखरी, काठमाडौं**

छलफलका विषयहरु :

१. आर्थिक वर्ष २०७३।०७४ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित २०७४ आषाढ मसान्तको बासलात तथा सोही मितिमा समाप्त हुने आर्थिक वर्ष २०७३।०७४ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरणलाई छलफल गरी पारित गर्ने ।

३. चालु आ.व.२०७४।०७५ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. कम्पनीको स्वीकृत नियमावली बमोजिम आगामी कार्यकाल (४ वर्ष)को लागि संस्थापक समुहबाट ३ (तिन) जना र सर्वसाधारण समुहबाट १-एक) जना संचालकको निर्वाचन गर्ने ।

५. विविध ।

कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारण सभा र संस्थापक/सर्वसाधारण शेयरधनीहरुको तर्फबाट चुनिने सञ्चालकको निर्वाचनलाई ध्यानमा राखी मिति २०७५।०३।१३ देखि मिति २०७५।०३।२९ गते सम्म कम्पनीको

शेयर दाखिला खारेजको काम बन्द रहने छ ।

२. वार्षिक साधारण सभामा भाग लिन तथा निर्वाचनमा मतदान गर्न इच्छुक शेयरधनीले नेपाल सरकारका निकायबाट जारी भएका आफ्नो परिचय खुल्ने प्रमाण (कागजात) र शेयर प्रमाणपत्र वा प्रतिलिपि वा हितग्राही खाता नम्बर भएको संलग्न स्टेटमेण्ट अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ। शेयरधनी महानुभावहरुको सुविधाको लागि सभा हुने दिन शेयरधनी उपस्थिति पुस्तिका बिहान ११ बजे देखि सभा चालु रहेसम्म खुल्ला रहने छ ।

३. साधारण सभामा भाग लिन सम्बन्धित शेयरधनी आफै उपस्थित हुन नसक्ने भए प्रोक्सी (प्रतिनिधि) नियुक्त गर्न सक्नु हुनेछ र सो सम्बन्धी प्रोक्सी फाराम साधारण सभा शुरु हुने दिन भन्दा कम्तीमा २ (दुई) दिन अगावै कार्यालय समय भित्र कम्पनीको रजिर्ष्टड कार्यालय, डिल्लीबजार, काठमाडौंमा बुझाई सक्नुपर्नेछ ।

४. शेयरधनी महानुभावहरुको ठेगानामा पठाइने कम्पनीको वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको बेभसाइट www.charnawatihydro.com मा पनि हेर्न सकिनेछ । कुनै कारणवश प्रतिवेदन प्राप्त गर्न नसक्नु भएका शेयरधनी महानुभावहरुले यस कम्पनीको रजिर्ष्टड कार्यालय डिल्लीबजार,काठमाडौंबाट लिन सक्नु हुनेछ ।

५. नाबालक वा विक्षिप्त शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयरधनीहरुको लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिलाई मात्र संरक्षकको रुपमा मान्यता दिइनेछ ।

६. विविध शिर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेको विषयबारे साधारण सभा हुनु भन्दा ७ दिन अगावै कम्पनीको रजिर्ष्टड कार्यालय डिल्लीबजार,काठमाडौंमा लिखित जानकारी दिनु पर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर प्रश्न गर्न सकिने छैन ।

७. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएको मन्तब्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामुहिक रुपले जवाफ दिइनेछ ।

८. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु साधारण सभा स्थलमा आउँदा झोला,पोका जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध गरिन्छ । सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरि दिनु हुन अनुरोध छ ।

९. संस्थापक/सर्वसाधारण शेयरधनीतर्फबाट सञ्चालकको लागि निर्वाचन गर्ने कार्यक्रम सम्बन्धी सम्पुर्ण सुचना/कार्यक्रम निर्वाचन अधिकृतको कार्यालय(कम्पनीको रजिष्टर्ड कार्यालय का.जि.का.म.न.पा.वडा नं ३३ डिल्लीबजार,काठमाडौं) मा मिति २०७५।०३।२० मा टाँस गरिने हुँदा निर्वाचन अधिकृतको कार्यालयमा सर्म्पक गर्नु हुन अनुरोध छ ।

अध्यक्षज्यूको मन्तव्य ।

आदरणीय शेयरधनी महानुभावहरु,

आजको यस ११औं वार्षिक साधारण सभामा तपाई शेयरधनीहरुलाई स्वागत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस गर्दछु ।

मिति २०६३-०५-२९ गते कम्पनी रजिष्ट्रार कार्यालयमा नेपाल हाइड्रो डेभलोपर प्रा. लि. नाममा दर्ता भई दोलखा जिल्लाको तत्कालिन भिमेश्वर न.पा. वार्ड नं ८, ९ र ११ , मागपौवा गा. वि. स वार्ड नं ५, ८ तथा काटाकुटी गा. वि.स वार्ड न ६ र हालको भिमेश्वर न.पा. ५ र ७ तथा शैलुङ्ग गा. वि. स वार्ड नं ४ र ५ मा चर्नावति जलविद्युत आयोजना (३.५२ मे. वा.) निर्माण गरेको यस कम्पनी मिति २०७१ साल आषाढ महिना ३१ गते देखि विधिवत रुपमा कम्पनी रजिष्ट्रार कार्यालयको स्वीकृति लिई प्राइभेट कम्पनी बाट पब्लिक कम्पनीमा परिणत भएको कुरा यहाँहरुलाई अवगत नै छ । धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४ अनुसार सार्वजनिक निष्काशनको अनुमति प्राप्त भई १०% आयोजना प्रभावित स्थानिय वासिन्दाहरुलाई र १५% सर्वसाधारणलाई कम्पनीले सार्वजनिक निष्काशन जारी गरी सम्पूर्ण प्रकृया २०७४ असोजमा सम्पन्न गरिसकेको यहाँहरुलाई अवगत नै छ। यस सभामा यहाँहरुको उपस्थिति बाट कम्पनीले पाउने सल्लाह, सझाव सहयोग र सदभावले भावी कार्ययोजना तथा लक्ष्य प्राप्तिमा अमुल्य योगदान पुग्ने छ भन्ने हामी सवैले विश्वास लिएका छौ ।

शेयरधनी महानुभावहरु,

आज यहाँहरु समक्ष विगतमा प्राप्त गरेको उपलब्धि तथा कार्यनीति र आगामी वर्षमा गरिने कार्ययोजनाहरु यहाँहरु समक्ष छोटकरीमा प्रस्तुत गर्न चाहन्छु ।

(क) विगत वर्षहरुको कारोबारको सिहावलोकन :

हाल हाम्रो देशले खेपिरहेको उर्जाको व्यापक समस्या तथा लोडसेडिङ्ग भार भोगिरहेको तत्कालिन अवस्थालाई सानो मात्रामा भएपनि कम गर्दै हामीले चर्नावति जलविद्युत आयोजना बाट ३.५२ मे.वा. विद्युत उत्पादन गरि राष्ट्रिय प्रशारण लाइनमा आपूर्ति गरिरहेको र दोलखा जिल्लाको चरिकोट बजारलाई लोडसेडिङ्ग मुक्त गरेको व्यहोरा सर्वविदितै छ । यस कम्पनी अन्तर्गतको चर्नावति जलविद्युत आयोजनाले २०७० जेष्ठ महिना देखि व्यापारिक उत्पादन शुरु गरि सफलता पुर्वक संचालन भईरहेको छ ।

आ.व. २०७१-७२ देखि २०७३-७४ सम्ममा आयोजनाको विद्युत विक्री निम्न बमोजिम छ :

आ. व.	उर्जा विक्रीबाट आम्दानी
२०७३/७४	१०,४६,३४,६६७
२०७२/७३	१०,३९,५८,९२४
२०७१/७२	९,६९,७६,६२५

उक्त आयोजनामा रु ६९,६०,७२,४४५।- को लागतमा सम्पन्न भएको हो । सो आयोजना ३.५२ मे.वा. को भएता पनि यसको जम्मा उत्पादन क्षमता (Installed Capacity) ६ मे.वा. रहने गरी निर्माण गरिएको हो । हामीले यसमा लगभग अतिरिक्त रु ५देखि ७ करोड लगानी थप गरेमा हाल भईरहेको वार्षिक आम्दानी करिब २०% ले वृद्धि पनि हुने जानकारी गराउदछौं ।

उक्त आयोजना बनाउनको लागि हामीले बैंक अफ काठमान्डूको अगुवाईमा सहवित्तियकरण मार्फत परियोजना कर्जा रु ५०,५०,००,०००।- (रु.पचास करोड पचास लाख मात्र) लिई निर्माण सम्पन्न गरिएको हो । उक्त कर्जा २०७४ चैत्र मसान्त सम्ममा रु १४,४५,००,०७०।- (रु.चौध करोड पैतालिस लाख सत्तरी मात्र) भुक्तान गरि उक्त अवधि को अन्त्यमा रु ३६,०४,९९,९३०।- (रु.छत्तिस करोड चार लाख उनान्सय हजार नौ सय तीस मात्र) कर्जा बाकी रहेको जानकारी गराउदछौं । उक्त कर्जा २०८२ साल पौष महिना भित्र चुक्ता गरिसक्ने गरि भुक्तानी तालिका रहेको र सोही बमोजिम कर्जा भुक्तान गर्दै लगिने छ । साथै यस कम्पनीले त्यस सहवित्तियकरणबाट चालु पुँजी व्यवस्थापन गर्न रु एक करोड बराबरको स्वीकृत सीमा रहेको अल्पाकलिन कर्जा सुविधा लिएको छ ।

म यसै सभा मार्फत सबै शेयरधनीमहानुभावहरु जानकारी गराउन चाहन्छु कि हामीले नेपाल विद्युत प्राधिकरणबाट पोस्टेड दर वापत २०७४ चैत्र महिना सम्मको रु.५,१७,९५,१३६/- (रु. पाँच करोड सत्र लाख पन्चानब्बे हजार एक सय छत्तिस मात्र) र मु.अ. कर वापत करिब रु.१,७६,००,०००/- (रु.एक करोड छयहत्तर लाख मात्र) प्राप्त गर्न बाँकी रहेको छ । हामीले उक्त राशी समयमा पाउन सकेमा तिर्नुपर्ने व्याजमा कमी आई खुद नाफामा उल्लेखनिय वृद्धि हुने थियो ।

आ. व. २०७२/७३ र २०७३/७४ को तुलनात्मक वित्तिय विवरण तल उल्लेख गरे बमोजिम रहेको छ !

विवरण	२०७३/७४	२०७२/७३
बिक्री बाट आम्दानी	१०,४६,३४,६६६।३१	१०,३९,५८,९२४।५७
प्रत्यक्ष खर्च	१,८६,५७,५१५।८०	१,६५,७६,०२०।९७
कुल नाफा	**८,५९,७७,१५१।५१**	**८,७३,८२,९०३।६१**
संचालन खर्चहरु	२७,७५,७९१।०६	२६,००,३७१।४६
ब्याज अघिको संचालन नाफा/ (नोक्सान)	**८,३२,०१,३६०।४५**	**८,४७,८२,५३२।१५**
ब्याज र वित्तिय खर्च	४,२१,५७,९०१।५०	४,२१,५४,२४२।५६
ह्रास खर्च	२,८१,७९,८१२।२४	२,८५,०२,३५६।९४
कर्मचारी बोनस	२,५२,२२८।००	३,१९,०९६।५२
सामाजिक उत्तरदायित्व खर्च व्यवस्था	१,२४,८६६।००	-
कर अधिको खुद नाफा / (नोक्सान)	**१,२४,८६,५५२।७१**	**१,३८,०६,८३६।१३**
आयकर खर्च	-	-
खुद नाफा / (नोक्सान)	**१,२४,८६,५५२।७१**	**१,३८,०६,८३६।१३**

नाफा / (नोक्सान) बाँडफाँड हिसाव

विवरण	२०७३/७४	२०७२/७३
गत वर्षको मौज्दात	(२,१०,२२,७४९।९४)	(३,४८,७८,०५४।१४)
विगत वर्षहरुको हिसाव मिलान	(२७,५८६।००)	४८,४६८।०७
यस आ. व. को नाफा / (नोक्सान)	१,२४,८६,५५२।७१	१,३८,०६,८३६।१३
जम्मा	**(८५,६३,७८३।२३)**	**(२,१०,२२,७४९।९४)**

आयोजना निर्माण सम्पन्न भई विद्युत विक्री थालिएको दोस्रो वर्ष देखिनै संचालन नाफामा भए पनि व्याज तथा ह्रासकट्टीको भार धेरै हुनाले शुरुका बर्षहरुमा नाफा कम देखिएको छ । तथापि प्रत्येक वर्ष नाफामा सन्तोषजनक बृद्धि भइरहेको तथ्यांकले आगामी वर्षहरुको प्रक्षेपित आँकडाहरुले लगानीको प्रतिफल सुनिश्चितता र निरन्तरताको प्रत्याभुति गर्दछ ।

कम्पनीबाट प्रवर्धित तल्लो चर्नावति जलविद्युत आयोजना :

यस कम्पनीले लगानीको थप क्षेत्र विस्तार गरि लगानीकर्ताहरुको प्रतिफलमा वृद्धिको अवसर सृजना गर्ने उद्देश्यका साथ नयाँ योजनाहरुमा निरन्तर लागि परेको छ । यस क्रममा यस कम्पनीको शतप्रतिशत स्वामित्वमा रहने गरि विकास हुने तल्लो चर्नावति जलविद्युत आयोजना ६.८ मे. वा. (क्यास्केड आयोजना) को लागि **तल्लो चर्नावति हाइड्रोपावर लि.** नामको कम्पनी २०७३/१२/०६ मा कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता गरिएको जानकारी गराउदछौं । यस आयोजनामा हालसम्म भएको प्रगति निम्नानुसार छन् :

विवरण	प्रगति
संभाव्यता अध्ययन	सम्पन्न भइसकेको
विस्तृत आयोजना प्रतिवेदन	भइरहेको
प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन	भइरहेको
कनेक्सन सम्झौता	भइरहेको
विद्युत खरिद विक्री सम्झौता	बाकी रहेको
वित्तिय व्यवस्थापन	बैंक अफ काठमान्डूले लगानी उत्सुकता पत्र (Letter Of Intent) दिएको

शेयरधनी महानुभावहरु,

यस सभामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहभागिता जनाई यस कम्पनीको उत्तरोत्तर प्रगति एवम् राय सुझाव तथा हौसला दिनु भएकोमा हाम्रा सम्पुर्ण शेयरधनी महानुभावहरु तथा कर्मचारीहरु लगायत नेपाल सरकार, उर्जा मन्त्रालय, विद्युत व्यापार विभाग, नेपाल विद्युत प्राधिकरण, कम्पनी रजिष्ट्रार कार्यालय, नेपाल धितोपत्र बार्ड, सहवित्तियकरणका लगानीकर्ता बैकंहरु, शेयर रजिष्ट्रार एनएमबी क्यापिटल लि. तथा अन्य सहयोगी सघं सस्थाहरुलाई हार्दिक धन्यबाद दिन चाहन्छु । आफ्नो व्यस्त कार्यक्रमका बाबजुत पनि यस सभामा उपस्थित भई कम्पनीको हौसला बढाई दिनु भएकोमा शेयरधनी महानुभावहरुलाई धन्यवाद दिदै संचालक समितिद्धारा प्रस्तुत प्रतिवेदन माथि छलफल गरी अनुमोदनको लागि प्रस्तुत गर्दछु ।

धन्यवाद ।

(ज्ञानेन्द्र लाल प्रधान)

अध्यक्ष

कम्पनी ऐन,२०६३ को दफा १०९ उपदफा (४) बमोजिम सञ्चालक समितिको प्रतिवेदन

आर्थिक बर्ष २०७३/७४

आदरणीय शेयरधनी महानुभावहरु,

नेपाल हाइड्रो डेभलोपर लि. मिति २०६३।०५।२८ गते प्राइभेट लिमिटेड कम्पनीको रुपमा स्थापना भई कम्पनीले दोलखा जिल्लामा बग्ने चर्नावतिखोलाको पानी उपयोग गरी एउटा जलविधुत आयोजनाको निर्माण गर्न उर्जा मन्त्रालयबाट विधुत उत्पादन अनुमति पत्र प्राप्त गरी चर्नावतिखोला जलविद्युत आयोजना को सम्भाव्यता अध्ययन गरी ३,५२० किलोवाट जडित क्षमताको हुने ठहर गरी कम्पनीले नेपाल विधुत प्राधिकरणसँग मिति २०६७बैशाख१३ गते विधुत खरिद विक्रि सम्झौता सम्पन्न गरेको थियो । कम्पनीले नेपाल सरकार, उर्जा मन्त्रालयबाट विधुत उत्पादनको अनुमतिपत्र (३५ वर्षका लागि) मिति २०६७०८।२० मा प्राप्त गरी आयोजनाको निर्माण कार्य सम्पन्न भई २०७० जेष्ठ२४ गतेबाट व्यावसायीक उत्पादन सुरु गरेको थियो । सो समयदेखि आयोजनाले राष्ट्रिय प्रसारण लाइनमा विधुत प्रवाह गरिरहेको छ ।यो आयोजना निर्माणले दोलखाजिल्लामा भरपर्दो विधुत सेवा उपलब्ध गराउन सहयोग पु-याइरहेको छ। स्थापना कालमा यस कम्पनीको अधिकृत पूँजि रु. १ करोड तथा जारी पूँजी रु ६०लाख थियो। चर्नावति जलविद्युत आयोजना निमार्णको अन्तिम समयमा कम्पनीको अधिकृत पूँजी रु. ६० करोड तथा जारी पूँजी रु. २० करोड पुगेको थियो। तर आजको मितीमा कम्पनीको अधिकृत पूँजी रु. ६० करोड तथा जारी पूँजी रु. २६ करोड रहेको छ। यस कम्पनीमा जनताको व्यापक सहभागिता गराउने उद्देश्यले २०७१ आषाढ ३१ मा कम्पनीलाई पव्लिक लिमिटेडमा परिणत गरियो। कम्पनीलाई पब्लिक लिमिटेड कम्पनीमा परिणत गर्नूअघि संस्थापक शेयरधनीहरुको संख्या ८ र वहाँहरुको लगानी रु. १७ करोड ५ लाख भएता पनि सर्वसाधारणहरुको लागी शेयर निष्काशन गर्नु अघि संस्थापक शेयरधनीहरुको संख्या ९ र वहाँहरुको लगानी रु. १९ करोड ५० लाख थियो। सर्वसाधारणहरुको लागि शेयर निष्काशन गर्ने कार्य २०७४ आश्विनमा सम्पन्न भयो। रु. १००।- मूल्य अंकित ६,५०,०००/-कित्ता निष्काशन गरिएको कम्पनीको शेयरमा जनताको अपार सहभागिता रह्यो। यो शेयर निष्काशनपछि कम्पनीको चुक्ता पूँजी रु. २६ करोड पुगेको थियो।

कम्पनीको परिचय पछि म यस गरिमामय सभामा सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०७३/२०७४ को सञ्चालक समितिको प्रतिवेदन र सोही वर्षको लेखा परिक्षणभएका वित्तिय विवरणहरु सभा समक्ष छलफल तथा अनुमोदनका लागि प्रस्ताव पेश गर्दछु।

१. आ.व.२०७३/२०७४ को आर्थिक कारोबारको

सिंहावलोकन

विगत वर्षहरुमा झैं यो वर्ष पनि कम्पनीले निमार्णगरेको चर्नावति जलविद्युत आयोजनाले सन्तोषजनक उत्पादन गरिरहेको छ । कम्पनीको यसवर्षको आर्थिक गतिविधिहरु बुँदागत रुपमा तलप्रस्तुत गरेको छु।

नेपाल हाइड्रो डेभलोपर लिमिटेडको परिचय

कम्पनी स्थापना भएको मिति	:२०६३।०५।२८
पव्लिक कम्पनीमा परिणत	:२०७१।०३।३१
शेयर धितोपत्र बोर्डमा लिष्टिङ्ग भएको मिति	:२०७४।७।२१
लिष्टिङ्ग भएको शेयर संख्या	:२,६०,०००
कम्पनीको चुक्ता पूँजी	: रु. २६,००,००,०००
कम्पनीको शेयरको बजार मुल्य (मिति २०७५।०२।३० गते)	: रु.२१५।-

(क) आम्दानी तथा खर्चको तुलनात्मक विवरण

कम्पनीको आ.व. २०७३/०७४ र आ.व. २०७२/०७३ को आम्दानी तथा खर्चको तुलनात्मक विवरण तालिका नं १ मा प्रस्तुत गरिएको छ।

तालिका नं १

विवरण	आ.व. २०७३/७४	आ.व. २०७२/७३	वृद्धि रकम	वृद्धि प्रतिशत
विद्युत बिक्रिबाट आम्दानी	१०४६३४६६७.३१	१०३९५८९२४.५७	६७५७४२.७४	०.६५
अन्य आम्दानी	–	–		
जम्मा आम्दानी	**१०४६३४६६७.३१**	**१०३९५८९२४.५७**	**६७५७४२.७४**	**०.६५**
रोयल्टी भुक्तानी	२०६९१६३.७२	२१४७९९०.३२	–७८८२६.६	–३.६७
आयोजना संचालन खर्च	१६५८८३५२.०८	**१४४२८०३०.६४**	**२१६०३२१.४४**	१४.९७
प्रशासकिय खर्च	२७७५७९१.०६	२६००३७१.४६	१७५४१९.६	६.७५
वित्तीय खर्च	४२१५७९०१.५	४२१५४२४२.५६	३६५८.९४	०.०१
मूल्यह्रास	२८१७९८१२.२४	२८५०२३५६.९४	–३२२५४४.७	–१.१३
कर्मचारी बोनस	२५२२२८	३१९०९६.५२	–६६८६८.५२	–२०.९६
संस्थागत सामाजिक दायित्व	१२४८६६	–	१२४८६६	–
जम्मा खर्च	**९२१४८११४.६**	९०१५२०८८.४४	१९९६०२६.१६	**२.२१**
आयकर कट्टी अघिको नाफा	१२४८६५५२.७१	१३८०६८३६.१३	–१३२०२८३.४२	–९.५६
आयकर	–	–	–	–
आयकर पछिको नाफा	**१२४८६५५२.७१**	**१३८०६८३६.१३**	**–१३२०२८३.४२**	**–९.५६**
भारित औसत शेयर संख्या	**२०६६११०.**	**१९५००००.**	**११६११०**	**५.९५**
प्रति शेयर आम्दानी	६.०४	७.०८	**–१.०४**	–१४.६९

(ख) आयोजनाको विद्युत उत्पादनबाट लक्षित आम्दानी र वास्तविक आम्दानी : यस कम्पनी र नेपाल विद्युत खरिद विक्रि सम्झौता अनुसार वार्षिक २०३८३४६८ किलोवाट घन्टाविद्युत शक्ति उपलब्ध गराउन सकिने प्रावधान भए अनुसार आ. व. २०७३/०७४ मा यस कम्पनीलेजम्मा १६८१५६०७.६५ किलोवाट घन्टा (८२.५०%) विद्युत उत्पादन गरी रु. १०,४६,३४,६६७३१ (दस करोड छयालिस लाख चौतिस हजार

छ सय सत्सठ्ठीर पैसा एक्तिस मात्र) आय भएको छ । विद्युत खरिद बिक्री सम्झौता अनुसार कम्पनीले विक्रम सम्वत् २०७० जेष्ठ २२ गते देखि व्यावसायिक विद्युत उत्पादन गरे पश्चात हाल सम्मको उत्पादन तथा बिक्रिबाट प्राप्त आम्दानीको तुलनात्मक अवस्था ग्राफ नं. १ र ग्राफ नं. २ मा प्रस्तुत गरिएको छ ।





(ग) कम्पनीको शेयर पूँजी, ऋण तथा सञ्चिती

कम्पनीले आयोजना निर्माण गरी विद्युत बिक्रि गरे पश्चात् विगत पाँच वर्षको शेयर पूँजी, ऋण तथा सञ्चिती रकमको अवस्था ग्राफ नं ३ मा प्रस्तुत गरिएको छ ।



आ. व. २०६९/७० सम्ममा कम्पनीको शेयर पूँजी रु. ३७,८६,३००।-, ऋण रु.५३,६२,४९,९६१/- तथा सञ्चिती (३,९४,९०,५८३/१७) रहेको थियो भने आ. व. २०७१/७२ सम्ममा कम्पनीको शेयर पूँजी रु. १९,५०,००,०००।-,ऋण रु.४५,४७,४९,७५१।– र सञ्चिती रु. (३४८७८०५३/०९) रहेको थियो । कम्पनीले आ.व. २०७३/७४ मा स्थानिय प्रभावित सर्वसाधारण वासिन्दाहरुलाई शेयर जारी गरि सके पछि आ.व. २०७३/७४को अन्त्यसम्ममा शेयर पूँजी रु.२२,१०,००,०००।–,ऋण रु. ३८८२४९६९१/- र सञ्चिती रु (८५६३७८३।-) रहेको छ ।

(ङ) कम्पनीको शेयरको बजार मूल्य

यस आर्थिक बर्ष २०७४/७५मा यस कम्पनीको बजार शेयर मूल्यमा निकै उतारचढाव रह्यो । देशका आर्थिक सूचांकहरुमा भारी उतारचढाव आयो । शेयर कारोबारमा बर्ष २०७४ को अधिकतम मूल्य रु. ३२८।– र न्यूनतम मूल्य रु.१७४।- रहेको छ । वर्ष २०७४ मा यस कम्पनीको औषत शेयर बजार मूल्यको स्थिति ग्राफ नं ४ मा प्रस्तुत गरिएको छ ।



(२) कम्पनीको व्यावसायिक सम्बन्ध

आयोजना निर्माणको क्रममा सबै क्षेत्रबाट यथेष्ट सहयोग मिलेकै कारण चर्नावति जलविद्युत आयोजना सफलतापूर्वक सञ्चालनमा आइरहेको छ । यो सफलताले आयोृजना निर्माण कार्यमा लागेका र आयोजनासँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेका हामी सबैलाई गौरवान्वित तुल्याएको छ । कम्पनीको व्यावसायिक सम्बन्ध मूलत: विद्युत सम्बन्धि अनुमति पत्र प्रदान गर्ने उर्जा मन्त्रालय र सो मन्त्रालयसँग आबद्ध श्री विद्युत विकास विभाग र विद्युत खरिद गरिदिने नेपाल विद्युत प्राधिकरण तथा आयोजनाको निर्माणमा वित्तिय सहयोग प्रदान गर्ने बैंकहरु बैंक अफ काठमाडौं लि., ग्लोबल आइएमइ बैंक लि.सिटिजन्स बैंक इन्टरनेशनल लि.र सिद्धार्थ बैंक लि, शेयर रजिष्ट्रार श्री एनएमबी क्यापिटल लि.,आयोजनाको बीमा गर्ने वीमा कम्पनी तथा आयोजना क्षेत्रका स्थानिय बासिन्दा, निकाय तथा सरोकारवालाहरुसँग पनि सुमधुर सम्बन्ध रहेको छ । यस किसिमका संस्थाहरुसँगको व्यावसायिक सम्बन्धले कम्पनीलाई थप सफलता हासिल गर्न टेवा दिएकोले भविष्यमा पनि व्यावसायिक सम्बन्धलाई अझै बलियो तुल्याउन कम्पनी सदैव सजग रहनेछ ।

(३) सञ्चालक समिति

कम्पनीको हालसालै संशोधित नियमावली अनुसार यस कम्पनीमा ५ जना संचालकहरु रहने व्यवस्था छ । प्रत्येक संचालक समितिको कार्यकाल ४ बर्षको हुने प्रावधान छ । सर्वसाधारणमा २५ प्रतिशत शेयर बिकि निष्काशन भएपछि संस्थापक “क“ समुहबाट ३ जना तथा सर्वसाधारण “ख” समुहबाट १ जना र स्वतन्त्र सञ्चालक १जना रहने व्यवस्था रहेको छ । मिति २०७१।०४।१९ मा सम्पन्न कम्पनीको विषेश साधारण सभाबाट निर्वाचित हुनुभएका सञ्चालक समिति सदस्यहरुको विवरण निम्नानुसार तालिका नं २ मा प्रस्तुत गरिएको छ ।

तालिका नं २

सञ्चालक समितिको बनौट

सि. नं	सञ्चालकहरुको नाम	पद	सञ्चालकमा हेरफेर तथा परिवर्तन भएको कारण
		समुह -क)	
१.	श्री ज्ञानेन्द्र लाल प्रधान	अध्यक्ष	यथावत
२.	श्री कुमुद कुमार दुगड	सञ्चालक	यथावत
३.	श्री पशुपति मुरारका	सञ्चालक	यथावत
४.	श्री देबकिशन मुन्दडा	सञ्चालक	यथावत

(४) आन्तरिक नियन्त्रण प्रणाली

प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीले कम्पनीको आर्थिक तथा प्रशासनिक कार्य चुस्त र दुरुस्त राख्ने कुरामा कम्पनी विश्वस्त रही सोही अनुरुप कार्य गरिरहेको छ। आर्थिक प्रशासन र कर्मचारीको उचित व्यवस्थापनको लागी हालसालै कम्पनीले २०७५ श्रावण देखि लागू कर्मचारी विनियमावली -२०७५ र आर्थिक प्रशासन विनियमावली -२०७५ जारी गरेको छ।

(५). आर्थिक बर्षको व्यवस्थापन खर्चको विवरण

आर्थिक बर्ष २०७३/०७४ मा कम्पनीको प्रशासकीय खर्च रु. २७,७५,७९१।०६ (अक्षरुपी सत्ताईस लाख पचहत्तर हजार सात सय एकानब्बे र पैसा छ मात्र) रहेको छ। परियोजना सञ्चालनको लागि प्रशासनिक एवं सञ्चालन खर्च रु.१,८६,५७,५१५।८० (अक्षरुपी एक करोड छयासी लाख सन्ताउन्न हजार पाँच सय पन्ध्र असी पैसा मात्र) रहेको छ । यस आ.व. २०७३/०७४ को व्यवस्थापन खर्चको विवरण र परियोजना सञ्चालनको खर्च लेखा परीक्षण प्रतिवेदनको अनुसुची १० र ११ मा प्रस्तुत गरिएको छ ।

(६). सञ्चालक तथा उच्चपदस्थ पदाधिकारीहरुको पारीश्रमिक

यस कम्पनीमा हाल सम्म कम्पनीका सञ्चालकहरुलाई पारिश्रमिक, भत्ता तथा सुविधा वापत कुनै किसिमको भुक्तानी गरिएको छैन ।

(७). धन्यवाद ज्ञापन

म यस गरिमामय सभाबाट यस कम्पनी प्रति शेयरधनी महानुभावहरुले देखाउन ुभएको आस्था,सदासयता तथा विश्वासप्रति हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछु ।यस कम्पनीले निर्माण गरेको चर्नावतीखोला जलविद्युत आयोजनाको सर्वेक्षण तथा उत्पादनको अनुमति प्रदान गर्ने उर्जा मन्त्रालय तथा विधुत विकास विभागलाई धन्यवाद प्रकट गर्न चाहन्छु । त्यसैगरी आयोजनाबाट उत्पादित विद्युत शक्ति खरिद गर्ने नेपाल विद्युत प्राधिकरणलाई धन्यवाद दिन चाहन्छु । आयोजना निर्माण गर्न स्थानीय निकाय, विभिन्न उपभोक्ता समुहहरु, स्थानिय जग्गादाताहरु तथा आयोजना प्रभावित परिवारहरु जसको सहयोग बिना यो आयोजना कल्पना नै गर्न सकिन्न, वहाँहरु सबैलाई कम्पनीको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस कम्पनीले विकास तथा निर्माण गरेको चर्नावतीखोला आयोजना निमार्ण कार्यमा अथक मेहनत गर्ने तथा आयोजना सुचारु रुपमा सञ्चालन गर्ने कर्मचारी साथीहरुमा कम्पनीको सञ्चालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट सहृदय धन्यवाद दिन चाहन्छु ।

(ज्ञानेन्द्र लाल प्रधान)

अध्यक्ष

SUBHASH & CO.

Chartered Accountants
House No. 199
Tanka Prasad Marg
Old Baneshwor Height
Kathmandu, Nepal

Tel.: 01-4497223, 4482239
P.O. Box: 129, Kathmandu
E-mail: casubhash@wlink.com.np

INDEPENDENT AUDITOR'S REPORT TO THE SHAREHOLDERS OF Nepal Hydro Developer Limited

We have audited the accompanying financial statements of Nepal Hydro Developer Limited which comprise the Statement of Financial Position as at Ashad 31, 2074 (July 15, 2017) and the related Statement of Profit or Loss, Statement of Changes in Equity and Statement of Cash Flows for the Period ended on that date.

Management's Responsibility for the financial Statements

Management of the company is responsible for the preparation and fair presentation of these financial Statements in accordance with Nepal Accounting Standards. This responsibility includes: designing, implementing and maintaining internal control relevant to the preparation and fair presentation of financial statements that are free from material misstatement, whether due to fraud or error; selecting and applying appropriate accounting policies; and making accounting estimates that are reasonable in the circumstances.

Auditor's Responsibility

Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing. Those Standards require that we comply with ethical requirements and plan and perform the audit to obtain reasonable assurance about whether the financial statements are free from material misstatement.

An audit involves performing procedures to obtain audit evidence about the amounts and disclosures in the financial statements. The procedures selected depend on our professional judgment, including the assessment of the risks of material misstatement of the financial statements, whether due to fraud or error. In making those risk assessments, we considered the internal control relevant to Company's preparation and fair presentation of the financial statements in order to design audit procedures that were appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the Company's internal control. An audit also includes evaluating the appropriateness of the accounting policies used and the reasonableness of accounting estimates made by the management, as well as evaluating the overall presentation of the financial statements.

We believe that the audit evidence we obtained is sufficient and appropriate to provide a basis for our opinion.

Opinion

In our opinion, the accompanying financial statements give a true and fair view, in all material respects the financial position of Nepal Hydro Developer Limited as at Ashad 31, 2074 (July 15, 2017) and of the results of its Financial performance and its cash flows for the year then ended and in accordance with Nepal Accounting Standards and Companies Act 2063.

Report on Other Legal and Regulatory Requirements

On the basis of our examination and explanations given to us, we would like to report that:

i. We have obtained all the information and explanations, which were considered necessary for the purpose for our audit.
ii. Company has kept proper books of accounts as required by law, in so far as it appears from our examination of those books of account.
iii. The Statement of Financial Position, Statement of Profit or Loss, Cash Flow Statement, Statement of Changes in Equity dealt with by this report is in agreement with the books of account maintained by the Company.
iv. During our examination of the books of account of the Company, we have not come across the cases where the Board of Directors or any member of there or any representative or any office holder or any employee of the Company has acted contrary to the provisions of law or caused loss or damage to the Company, and
v. We have not come across any fraudulence in the accounts.

SUBHASH & CO. Kathmandu Chartered Accountants

FOR: SUBHASH & CO.
Chartered Accountants

CA S.K. Jhunjhunwala

Place: Kathmandu
Date: 2074|9|3
18-12-2017

Nepal Hydro Developer Limited
Statement of Financial Position
As At Ashadh 31, 2074 (July 15, 2017)

Amounts in Rs.

Particulars	Schedule	At Asadh 31, 2074	At Asadh 31, 2073
Assets			
Non Current Assets			
Property, Plant & Equipments			
Gross Block	1	696,094,358.68	696,121,944.66
Less: Accumulated Depreciation		126,297,221.00	98,117,408.74
Net Block		**569,797,137.68**	**598,004,535.92**
			-
Capital Work-In-Progress	2	-	1,111,500.00
Total Non Current Assets		**569,797,137.68**	**599,116,035.92**
Current Assets			
Sundry Debtors		50,384,335.83	36,407,627.24
Advance & Deposits	3	30,810,044.43	31,263,667.40
Cash & Cash Equivalents	4	5,144,155.83	935,709.40
Total Current Assets		**86,338,536.09**	**68,607,004.04**
Total Assets		**656,135,673.77**	**667,723,039.96**
Equity & Liabilities			
Equity Fund			
Share Capital	5	221,000,000.00	195,000,000.00
Reserve & Surplus	6	(8,563,783.23)	(21,022,749.94)
Total Equity Fund		**212,436,216.77**	**173,977,250.06**
Non Current Liabilities			
Mid & Long Term Loans	7	351,249,651.00	388,249,691.00
Total Non Current Liabilities		**351,249,651.00**	**388,249,691.00**
Current Liabilities			
Sundry Creditors & Other Payables	8	10,603,442.00	24,840,462.38
Short Term Loan	9	81,469,270.00	80,336,540.00
Provision for Bonus		252,228.00	319,096.52
Provision for Corporate Social Liability		124,866.00	-
Total Current Liabilities		**92,449,806.00**	**105,496,098.90**
Total Equity & Liabilities		**656,135,673.77**	**667,723,039.96**
Contingent Liability	13		
Significant Accounting Policies & Notes to Accounts	14		

Mr. Kumud Kumar Dugar
Director

Mr. Pashupati Murarka
Director

Er. Gyanendra Lal Pradhan
Chairman

As per our report of even date

Mr. Dev Kishan Mundara
Director

Mr. Pradeep Kumar Das
Finance Controller / Company Secretary

14-12-2017

CA. S.K. Jhunjhunwala
Partner
Subhash & Company
Chartered Accountants

SUBHASH & Co. Kathmandu Chartered Accountants

Date: 2074-09-03
Place: Kathmandu

Nepal Hydro Developer Limited 2006 Kathmandu

Nepal Hydro Developer Limited
Statement of Profit or Loss
For the year ended Ashadh 31, 2074 (July 15, 2017)

Amounts in Rs.

Particulars	Schedule	Year ended Ashad 31, 2074 (July 16, 2016)	Year ended Ashad 31, 2073 (July 15, 2016)
Power Sales		104,634,667.31	103,958,924.57
Less:			
Cost of Sales	10	18,657,515.80	16,576,020.96
Gross Profit		**85,977,151.51**	**87,382,903.61**
Add: Other Income		-	
Less:			
Administrative, Selling & Distribution Expenses	11	2,775,791.06	2,600,371.46
Operating Profit / (Loss)		**83,201,360.45**	**84,782,532.15**
Less:			
Financial Cost	12	42,157,901.50	42,154,242.56
Depreciation	1	28,179,812.24	28,502,356.94
Profit / (Loss) Before Bonus, CSR & Tax		**12,863,646.71**	**14,125,932.65**
Less:			
Provision for Staff Bonus		252,228.00	319,096.52
Provision for Corporate Social Liability (CSR)		124,866.00	-
Tax Expenses (a+b)		-	-
(a)Current year Tax		-	-
(b)Deferred Tax Expense (Income)		-	-
Net Profit/(Loss) for the year		12,486,552.71	13,806,836.13
Earning Per Share (EPS):			
Basic EPS		6.04	7.08
Diluted EPS		6.04	7.08
Extraordinary items:		-	-
Net Profit /(Loss) for the year transferred to Reserve & Surplus		12,486,552.71	13,806,836.13

Contingent Liability	13		
Significant Accounting Policies & Notes to Accounts	14		

Mr. Kumud Kumar Dugar
Director

Mr. Pashupati Murarka
Director

Er. Gyanendra Lal Pradhan
Chairman

As per our report of even date

Mr. Dev Kishan Mundara
Director

Mr. Pradeep Kumar Das
Finance Controller /
Company Secretary

CA. S.K. Jhunjhunwala
Partner
Subhash & Company
Chartered Accountants

Date: 2074-09-03
Place: Kathmandu

Nepal Hydro Developer Limited
Statement of Cash Flow (Indirect Method)
For the year ended Ashadh 31, 2074 (July 15, 2017)

Amounts in Rs.

Particulars	Year ended Ashad 31, 2074 (July 16, 2016)	Year ended Ashad 31, 2073 (July 15, 2016)
A) Cash flow from Operating Acivities:		
Net Profit / (Loss) before tax	12,486,552.71	13,806,836.13
Add:		
Interest	42,157,901.50	42,154,242.56
Prior Period Expense	-	48,468.07
Depreciation	28,179,812.24	28,502,356.94
Cash Flow Before Change in Working Capital	**82,824,266.45**	**84,511,903.69**
(Increase)/Decrease in Current Assets	(13,523,085.62)	(16,481,213.00)
Increase/(Decrease) in Current Liabilities	(13,046,292.90)	10,405,757.87
Net Cash Flow from Operating Activities	**56,254,887.93**	**78,436,448.56**
B) Cash flow from Investing Acivities		
Addition in Fixed Assets	-	(49,500.00)
Investment in lower Chandrawati hydropower project	1,111,500.00	(1,111,500.00)
Proceeds from sale of Fixed Assets	-	-
Net Cash Flow from Investing Activities	**1,111,500.00**	**(1,161,000.00)**
C) Cash flow from Financing Acivities		
Interest Paid	(42,157,901.50)	(42,154,242.56)
Increase / (Decrease) in Capital	26,000,000.00	-
Increase / (Decrease) in Loan	(37,000,040.00)	(35,750,040.00)
Net Cash Flow from Financing Activities	**(53,157,941.50)**	**(77,904,282.56)**
Changes in Cash & Cash Equivalents (A + B +C)	**4,208,446.43**	**(628,834.00)**
Opening Cash & Cash Equivalents	**935,709.38**	**1,564,543.38**
Closing Cash & Cash Equivalents	**5,144,155.81**	**935,709.38**

Mr. Kumud Kumar Dugar
Director

Mr. Pashupati Murarka
Director

Er. Gyanendra Lal Pradhan
Chairman

As per our report of even date

18-12-2017

Mr. Dev Kishan Mundara
Director

Mr. Pradeep Kumar Das
Finance Controller / Company Secretary

CA. S.K. Jhunjhunwala
Partner
Subhash & Company
Chartered Accountants

Nepal Hydro Developer Limited 2006 Kathmandu

Date: 2074-09-03
Place: Kathmandu

Nepal Hydro Developer Limited
Statement of Changes in Equity
For the year ended Ashdh 31, 2074 (July 15, 2017)

Particulars	Share Capital	Share Premium	General Reserve	Accumulated Profit	Total
Opening Balance At 01.04.2072	195,000,000.00	-	-	(34,878,054.14)	160,121,945.86
Changes in accounting policy	-	-	-	-	-
Restated Balance At 01.04.2072	**195,000,000.00**	**-**	**-**	**(34,878,054.14)**	**160,121,945.86**
Net Profit / (Loss) for the period	-	-	-	13,806,836.13	13,806,836.13
Prior Period Adjustments	-	-	-	48,468.07	48,468.07
Transfer to general reserve	-	-	-	-	-
Dividend	-	-	-	-	-
Issue of Share Capital	-	-	-	-	-
Closing Balance At 31.03.2073	**195,000,000.00**	**-**	**-**	**(21,022,749.94)**	**173,977,250.06**
Opening Balance At 01.04.2073	195,000,000.00	-	-	(21,022,749.94)	173,977,250.06
Changes in accounting policy	-	-	-	-	-
Restated Balance At 01.04.2073	**195,000,000.00**	**-**	**-**	**(21,022,749.94)**	**173,977,250.06**
Net Profit / (Loss) for the period	-	-	-	12,486,552.71	12,486,552.71
Prior Period Adjustments				(27,586.00)	(27,586.00)
Transfer to general reserve	-	-	-	-	-
Dividend	-	-	-	-	-
Issue of Share Capital	26,000,000.00	-	-	-	26,000,000.00
Closing Balance At 31.03.2074	**221,000,000.00**	**-**	**-**	**(8,563,783.23)**	**212,436,216.77**

Nepal Hydro Developer Limited 2006 Kathmandu

